**बाढीपहिरोबाट जोगिऔं**
- जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**बाढी पहिरोबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**
नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratеekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा–फटयाङ्ग्रा हुर्कँदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन १७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 01 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३०

## सघन शहरी तथा भवनको २४ करोड बजेट फ्रीज, यस्तो छ कार्यालयको हबिगत

प्रस, परवानीपुर, १६ साउन/

सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, वीरगंजको रु २४ करोड बजेट फ्रीज भएको छ। गत आव



२०८०/८१ मा सो कार्यालयले बजेट खर्च गर्न नसकेर उक्त रकम फ्रीज भएर फिर्ता भएको कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साले जनाएको छ।

कोलेनिका, पर्साका प्रमुख यज्ञराज उप्रेतीले दिएको जानकारी अनुसार कार्यालयले कुल बजेटको जम्मा ७० दशमलव ३५ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ। कार्यालयले सरकारबाट चालूतर्फ एक करोड ७८ लाख ७४ हजार र पूँजीगततर्फ ८० करोड ७३ लाख ७० हजार अर्थात् ८२ करोड ५२ लाख ४४ हजार बजेट पाएकोमा चालूतर्फ सात प्रतिशत अर्थात् रु एक करोड ४० लाख ७२ हजार र पूँजीगततर्फ ५६ करोड ६५ लाख ४४ हजार गरी कुल रु ५८ करोड छ लाख १६ हजार २४३ खर्च गरेको छ। अर्थात् कार्यालयले कुल बजेटको रु २४ करोड ४६ लाख २८ हजार बजेट खर्च नगरेर फिर्ता भएको हो।

कार्यसम्पादनमा तदारूकता नदेखाउँदा र बजेट अनुसार योजना सही समयमा सञ्चालन गर्न उदासीनता देखाएको कारण आयोजनाको रकम खर्च नभएको कार्यालय स्रोतको दाबी छ। सङ्घ सरकार मातहत रहेको सो कार्यालयका प्रमुख विनोद सिंह हुन्। उक्त कार्यालयले पर्सा, बारा, रौतहटमा सडक, तालतलैया, पोखरी सौन्दर्यीकरणको काम गर्छ। सिंह एक वर्षदेखि कार्यालय प्रमुखमा छन् तर उनी धेरैजसो समय राजनीतिक दलका नेताहरूको चाकडीमा बिताउने गरेकाले योजना अनुसारको काम गर्न नसकेको कार्यालयका कर्मचारीहरू बताउँछन्।

कार्यालयका अधिकांश आयोजना रौतहटमा पारेर आर्थिक लाभ लिने गरेको बुझिएको छ। शहरी विकास मन्त्रीमा हाल नेपाली काङ्ग्रेसका प्रभावशाली नेता प्रकाशमान सिंह छन्। यस अघि नेकपा (एकीकृत समाजवादी)का प्रकाश ज्वाला थिए। मन्त्रीदेखि सचिवसम्मलाई रिझाएर उनले मनपरी गर्ने गरेको कार्यालयका कर्मचारीहरू बताउँछन्। शहरी विकास मन्त्री प्रभु साह हुँदा कार्यालय प्रमुख सिंहले मन्त्रीको गृह जिल्ला रौतहटको मौलापुरमा दर्जनौं क्रमागत योजनाहरू राखेका थिए। जसको कारण कार्यालयको अधिकांश बजेट रौतहटकै मौलापुरमा खर्च भइरहेको छ।

मौलापुरमा सय बिघा जग्गालाई प्लटिङ गरी चक्लाबन्दी गरी नयाँ शहर स्थापनाको लागि करोडौंको बजेट त्यहाँ खर्च भइरहेको पनि कार्यालय स्रोतले जनाएको छ। यसमा हालका शहरी विकास मन्त्री एवं सरोकारवालाहरूले ध्यान दिनुपर्ने कर्मचारीहरू बताउँछन्। यस विषयमा कार्यालय प्रमुख सिंहले कुनै प्रतिक्रिया दिन चाहेनन्।

## खोला ठेक्काको नाममा बालगङ्गा खोला उत्खनन–दोहनले वन क्षेत्र कटान

प्रस, निजगढ, १६ साउन/



ठेक्काको नाममा अत्यधिक खोला उत्खनन दोहन भएसँगै सानो बाढीले ठूलो वन क्षेत्रको जमीन कटान गरी फैलिएको बारास्थित बालगङ्गा खोला। तस्वीरः जीतलाल श्रेष्ठ

बाराको जीतपुरसिमरा उपमहानगरकापालिकामा पर्ने बालगङ्गा खोलाबाट ठेक्काको नाउँमा जथाभावी उत्खनन, दोहनको असर वर्षायाममा देखा परेको छ।

स्थानीय पालिकाले आन्तरिक राजस्व आर्जनको नाउँमा ठेकेदार कम्पनीलाई खोलाबाट मनपरी नदीजन्य पदार्थ उत्खनन गर्न दिंदा बाराको राष्ट्रिय वन क्षेत्रबीचबाट बग्ने बालगङ्गा खोलाले वन क्षेत्रको तीव्र कटान गर्दै बोटबिरुवा विनाश गरेको पाइएको छ।

अधिकांश स्थानीय पालिकाले लगाउने खोला ठेक्कामा बेलाबेलामा प्रभावकारी अनुगमन, निरीक्षणसँगै उचित निर्देशन र कारबाई नगर्दा ठेकेदार कम्पनीले मनपरी, दादागिरी शैलीमा प्राकृतिक स्रोत साधनको चरम उत्खनन, दोहन गर्ने गरेका छन्। जसको असर वर्षायाममा आउने सानै भेलबाढीले तीव्र कटान गर्ने गरेको छ।

डेढ/दुई दशक अघिसम्म २५–३५ मिटर चौडा खोला अहिले बढेर ४०–५० मिटर हुन पुगेको छ। त्यसैगरी, ४०–५० मिटर चौडा खोला अहिले ७५–१०० मिटरसम्म चौडा भएको पाइन्छ। २०२८–३० सालतिर दुधौरा खोलाको पुलदेखि लगभग १०० मिटर दक्षिणतर्फ चौडाइ बढीमा २५–३५ मिटर थियो। अहिले बढेर १०० मिटरभन्दा बढी भएको पूर्व–पश्चिम महेन्द्र राजमार्ग पथलैया अन्तर्गतको सडक डिभिजनमा त्यस बेला काम गर्ने निजगढका रुद्रलाल श्रेष्ठ बताउँछन्।

उनका अनुसार दुधौरा, बालगङ्गा, पसाहा, बकैया, धन्सार खोलाको चौडाइ विगतभन्दा अहिले निकै फराकिलो भएको छ। पछिल्लोपटक चौडाइ झनै बढ्दै गएको पथलैया, पिलुवा, निजगढका स्थानीय बासिन्दाहरू बताउँछन्। जब क्रसर उद्योगहरू सञ्चालन भए, जथाभावी खोला खन्दै गिट्टी, बालुवा, ग्राभेल, ढुङ्गा निकालेकै कारण यो समस्या बढ्दै गएको हो।

वन क्षेत्र भएर बग्ने नदीखोलाहरूले वन क्षेत्रको जमीन बर्सेनि बाढीले कटान गरिरहेको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ विनोद सिंह बताउँछन्। स्थानीय पालिकाहरूले खोला ठेक्कामा लगाएदेखि नै हामीलाई बेचैनी शुरू हुन्छ। नदीजन्य पदार्थ निकाल्नै नहुने भने होइन। मधेस प्रदेश वन तथा वातावरण मन्त्रालय जनकपुरधामद्वारा स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको मापदण्डभित्र रहेर नदीजन्य पदार्थ निकाल्दा त्यसको असर वन, वातावरणलगायतमा खासै पर्दैन। तर यहाँ स्थानीय पालिकाले राजस्व आर्जनको नाममा खोला ठेक्का लगाउने अनि खोला ठेकेदार कम्पनीलाई दाइजो दिए सरह जिम्मा लगाउने गरेको देखिन्छ।

"स्थानीय पालिकाहरूले करोडौंमा खोला ठेक्का लगाउने, ठेकेदारले खोला जङ्गलतर्फ सोझ्याउने नियत गलत छ," डिएफओ सिंहले भने। "जसले खोलाको ठेक्का लगाउने अधिकार राख्छ। उसैले ठेकेदार कम्पनी वा अन्य कसैले जथाभावी उत्खनन, दोहन गरेको छ कि छैन भन्ने कडाइका साथ नियमन, निगरानी गर्ने, कारबाई गर्ने जिम्मेवारी पनि लिनुपर्छ। तर यहाँ ठीक उल्टो हुन्छ," डिएफओ सिंहले भने।

## हरि खेतानमा नमूना इजलास स्थापना

प्रस, वीरगंज, १६ साउन/

हरि खेतान बहुमुखी क्याम्पस, वीरगंजमा नमूना इजलासको बुधवार



त्रिभुवन विश्वविद्यालय कानून सङ्कायका डिन प्राडा कृष्णप्रसाद बस्यालले उद्घाटन गरेका छन्।

नमूना इजलासको उद्घाटन गर्दै प्रमुख अतिथि प्राडा बस्यालले नमूना इजलास स्थापनाले कानूनका विद्यार्थीहरूको अभ्यासमा थप टेवा पुग्ने बताए। उनले कानूनको अध्ययनसँगै इजलास सञ्चालनबारेमा विद्यार्थीहरू अनुभवी हुनुपर्ने बताए।

क्याम्पस प्रमुख किशोरीराय यादवले २०४३ सालदेखि हरि खेतान बहुमुखी क्याम्पसमा कानून विषयको अध्यापन हुँदै आएको र अहिले बिएएलएलबीसम्मको कक्षा सञ्चालन भइरहेको बताए। उनले नमूना इजलासको स्थापनाले विद्यार्थीहरूलाई अध्ययनमा थप बल पुग्ने बताए। कार्यक्रममा क्याम्पस सञ्चालक समितिका संस्थापक सदस्य डा रामअवतार खेतान, सल्लाहकार जयप्रकाश खेतानलगायतको सहभागिता थियो।

## महानगरप्रमुखबाट अन्तर्राष्ट्रिय अध्यक्ष सम्मानित

प्रस, वीरगंज, १६ साउन/



वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले मानव अधिकार तथा क्राइम कन्ट्रोलका अन्तर्राष्ट्रिय अध्यक्ष भिपी सिंहलाई सम्मानित गरेका छन्।

अध्यक्ष सिंहले नेपालमा मानव अधिकारको उल्लङ्घन धेरै हुने भएकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादीहरूले नियमित अनुगमन गर्नुपर्ने बताए। उनले नेपालमा मानव अधिकार रक्षाको लागि मानव अधिकारवादी सङ्घसंस्थासँग मिलेर सहकार्य गर्ने प्रस्ताव गरे।

कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत मातृका भट्टराई, वडाध्यक्ष बैजु स्वर्णकारलगायतको सहभागिता थियो।

यसैगरी, नगरप्रमुख सिंहले साहिब दरबार ग्याँसपुर, सिवान भारतका पीठाधिपति परमपूज्य सरकारजी र भारतबाट आएका साधुसन्तलाई सम्मानित गरेका थिए।

## किर्ते नागरिकता र लाइसेन्स प्रकरणमा अग्रवाल पक्राउ

प्रस, वीरगंज, १६ साउन/

वीरगंज महानगर–१० निवासी निरञ्जन अग्रवाललाई पर्सा प्रहरीले बुधवार पक्राउ गरेको छ। अग्रवालले नागरिकता र सवारी चालक अनुमतिपत्र तथा मतदाता परिचयपत्रमा फरकफरक जन्ममिति उल्लेख गरी किर्ते गरेको आरोपमा प्रहरीले अग्रवाललाई पक्राउ गरेको छ।

अग्रवाल पिङ्की स्वीट्स सुपारीका सञ्चालक हुन्। अग्रवालविरुद्ध वीरगंज श्रीसिया निवासी नरेश ठाकुरले २०७६/१२/१४ गते पर्सा प्रहरीमा उजूरी गरे पनि हालसम्म उनी जोगिंदै आएको र आज पक्राउ परेको प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले बताए। नागरिकता र किर्ते मुद्दासम्बन्धी आरोपमा अग्रवाल पक्राउ परेका प्रउ ढुङ्गेलले बताए। अग्रवालको नागरिकता नं ३४१०२२/७९ र लिएको मिति २०६३/११/१८ देखिन्छ। उनले जन्मको आधारमा नागरिकता लिएका थिए। उनले २०५१ सालमा सवारी चालक अनुमतिपत्र लिएको देखिन्छ। अग्रवालले २०६३ सालमा नागरिकता लिएकाले २०५१ सालमा उनले कसरी लाइसेन्स प्राप्त गरे भन्ने ठाकुरले दिएको उजूरीमा उल्लेख छ।

त्यसैगरी, मतदाता परिचयपत्रमा अग्रवालको जन्ममिति २०३१/३/१० उल्लेख छ तर नागरिकतामा उनको जन्ममिति २०३६/११/३ गते उल्लेख गरिएको छ। उनी भारतको राजस्थान निवासी जगदीश अग्रवालको छोरा हुन्। विगतका समयमा उनी पटकपटक विवादमा मुछिए पनि राजनीतिक संरक्षणमा जोगिंदै आएका थिए।



निरञ्जन अग्रवाल

## वितरण केन्द्र पोखरियाद्वारा १३ प्रतिशत बढी महसूल सङ्कलन

प्रस, वीरगंज, १६ साउन/

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र पोखरियाले अघिल्लो आवभन्दा गत आवमा १३ प्रतिशत बढी महसूल सङ्कलन गरेको छ। अघिल्लो आव २०७९/८० मा रु ३४ करोड १४ लाख ३९ हजार ७३८ महसूल सङ्कलन गरेकोमा गत आव २०८०/८१ मा ३९ करोड ३२ लाख ७४ हजार ३२४ महसूल सङ्कलन गरेको थियो।

वितरण केन्द्र पोखरिया अन्तर्गत १० वटा पालिका पर्छन् भने ग्राहक सङ्ख्या ५० हजार ६५६ रहेका छन्। हालसम्म वितरण केन्द्र पोखरिया अन्तर्गत ५५ करोड ६३ लाख ५६ हजार १४ रुपैयाँ बक्यौता रहेको छ। सो वितरण केन्द्रले बक्यौता रहेका ग्राहकहरूको लाइन काटेर रु पाँच करोड ९५ लाख असुल गरेको छ। अहिलेसम्म एक हजार आठ सयजनाको लाइन काटिएको सो कार्यालयले जनाएको छ।

प्राप्त तथ्याङ्क अनुसार २६० जना विद्युत् चुहावटको आरोपमा पक्राउ परेकामा उनीहरूसँग तीन करोड जरिवाना असुल गरिएको वितरण केन्द्र पोखरियाले जनाएको छ।

**विचारसार एवं सूक्तिहरू**

**मरम्मत र पछुताउभन्दा तयारी र परहेज उत्तम हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# स्वास्थ्य बीमा

**सरकारले स्वास्थ्य बीमा लागू गरेको छ वर्ष पुग्न लागेको छ । यो अवधिसम्म स्वास्थ्य बीमाबाट कसैले पूर्ण लाभ लिन भने सकेका छैनन् । यसै कारण केही भुक्तभोगीहरू स्वास्थ्य बीमा कार्यक्रमलाई सरकारीस्तरको ठगी पनि भन्ने गर्छन् । बीमा भनेको निर्धारित कामका लागि शुल्क बुझाएबापत पाउने सुविधा हो । अहिले सरकारले पाँचजना सदस्य भएको परिवारका लागि रु ३५०० मा प्रत्येक सदस्यले वर्षमा एक लाखसम्मको उपचार खर्च पाउने प्रावधान राखेको छ । ७० वर्ष नाघेका ज्येष्ठ नागरिकको हकमा भने बीमा शुल्क बुझाउन नपर्नेगरी रु एक लाखसम्मको निश्शुल्क स्वास्थ्य बीमा उपलब्ध छ । जसका लागि सरकारले स्वास्थ्य बीमा बोर्ड नै गठन गरेको छ । तर स्वास्थ्य बीमाबाट बीमितहरूले पूर्ण लाभान्वित हुने अवसर भने पाएका छैनन् । सरकारी अस्पतालमा सबै रोगको उपचार सम्भव छैन भने फार्मेसीमा औषधि पनि उपलब्ध हुने गरेको छैन । सरकारीबाहेक अन्य अस्पताल र बाहिरबाट खरीद गरेको औषधिको भुक्तानी बीमा बोर्डले गर्दैन । ज्येष्ठ नागरिकको हकमा प्रिमियम तिर्नु नपरे तापनि ऊसँग सरकारले गरेको यो भावनात्मक ब्लैकमेल हो । बीमा शुल्क तिरेर बीमा गराएका परिवारसँग भने सरासर अन्याय नै हो । अहिले स्वास्थ्य बीमा गराएका व्यक्तिले सरकारी अस्पतालमा उपचार गराउनुपर्छ र त्यहाँ उपचार सम्भव नभएपछि सरकारी अस्पतालका चिकित्सकको सिफारिशमा सरकारले तोकेका निजी अस्पतालमा सेवा लिन सकिन्छ ।**

**पछिल्ला समयमा सरकारले स्वास्थ्य बीमामा निजी अस्पतालबाट सेवा लिनेहरूका लागि २० प्रतिशत सहभुक्तानीको व्यवस्था गरेको छ । सरकारी अस्पतालमा सेवा लिनेहरूको लागि भने १० प्रतिशत सहभुक्तानीको व्यवस्था छ । वार्षिक रु साढे तीन हजारमा बीमा गर्ने र सोबापत रु एक लाखसम्मको उपचार खर्च दिने घोषणा गरेको सररकाले सहभुक्तानीको व्यवस्था गरेर नागरिकलाई बीमा सुविधाको नाममा थप आर्थिक भार बढाएको छ । स्वास्थ्य बीमाको हकमा सरकारको जेजस्तो धारणा भएपनि आमरूपमा यो नागरिकसँगको ठगी नै हो । किनभने बीमाबापतको शुल्क लिएपछि सहभुक्तानीको कुरै आउँदैन । सरकारले यसबारेमा स्वास्थ्य बीमा गर्दा कुनै पनि शर्त राखेको छैन । बीमा गरिसकेपछि यस्तो नियम लागू गर्न मिल्दैन । स्वास्थ्य बीमाबापतको शुल्क तिरिसकेका बीमितहरूले यसको प्रतिवाद नगरेकै कारण सरकारको इज्जत बचेको छ हैन भने यसविरुद्ध अदालतमा मुद्दा दिने हो भने सरकारले लगाएको सहभुक्तानीको नियम खारेज हुन सक्छ ।**

**ठगी, बेइमानीजस्तो देखिने सरकारको यो क्रियाकलापले नागरिकमा वितृष्णा जगाउँछ । सरकारप्रति जनताको विश्वास हराउँछ । विकसित मुलुकहरूमा स्वास्थ्य बीमा गराएका व्यक्ति ढुक्क हुन्छन् । जस्तोसुकै रोग लागे पनि ऊ आत्तिँदैन । तर हामीकहाँ बीमा सुविधा स्वास्थ्य केन्द्रमा छैन भने अन्यत्र कहाँ पाइन्छ, खोज्न र प्रक्रिया पुऱ्याउँदैमा रोग बल्झिसकेको हुन्छ । यस्तोमा सरकारले बरु सुविधा दिनुभन्दा सहज र [redacted] स्वास्थ्य सुविधा उपलब्ध [redacted] । दिन्छु भन्ने, दिने बेला हजारौं [redacted] मनोग्रन्थिबाट सरकार मुक्त [redacted] कारण पनि अहिलेसम्म स्वास्थ्य [redacted] विश्वसनीयता बढ्न नसकेको [redacted]**

# आम जनताको पीडा र सरकारको भूमिका

स्वतन्त्र विचार



**वीरेन्द्रप्रसाद यादव**

> **यस्ता समस्याहरूको समाधान नहुनुको मुख्य कारण केन्द्र सरकारमा पर्साको बलियो उपस्थिति नरहेको देखाइन्थ्यो तर अहिले मन्त्रिपरिषद्मा पर्साको बलियो उपस्थिति रहेकोले अब पनि पर्साले विकासको अवसर पाएन भने दुर्भाग्य नै हुनेछ ।**

राजनीतिकको मुख्य लक्ष्य सत्ता प्राप्ति भए पनि सत्ताको मुख्य आधार जनताको सन्तुष्टि एवं राजनीतिक सिद्धान्त हो । सिद्धान्तविनाको राजनीति दिशाहीन हुन्छ । दिशाहीन व्यक्ति तथा सवारी कुनै गन्तव्यमा पुग्न सक्दैन । सत्ताको लागि तालमेल गर्नु राजनीतिमा मात्र होइन, विधिशास्त्र एवं समाज शास्त्रमा पनि वैधानिक मानिन्छ । जसलाई सोलिडारीटीको संज्ञा दिइन्छ । फरक सिद्धान्त बोकेका राजनीतिक नेता तथा दल मिलेर सत्ता सञ्चालन गर्नु एक किसिमको अवसर पनि हो र चुनौती पनि । जनसेवा र राष्ट्रहितको सवालमा तालमेल गरियो भने अनुकूल हुन्छ तर तालमेल देश र जनताको अहित हुने किसिमको छ भने अनुचित हुन्छ । जसलाई प्रतिपक्षले कडा निगरानी गर्नुपर्ने हुन्छ । तर सत्ताकै लागि तालमेल राजनीतिक इमानदारी होइन । राजनीतिक इमानदारी एवं राजनीतिक संस्कार राजनीतिक दलको शक्ति हो । राजनीतिक दलको शक्ति ह्रास भयो भने आफैंलाई नोक्सानी हुन्छ । राजनीतिमा दूरदर्शिता हुनु अनिवार्य हुन्छ तर दूरदर्शिता जनता र देशको हितको लागि हुनुपर्छ । सत्ता लाभको लागि हुनु भनेको आफ्नो खुट्टामा आफैं बन्चरो हान्नु हो । किनभने अहिलेको जनता विगतको तुलनामा अत्यधिक सचेत छ । नेता तथा दलको काम नजीकबाट गम्भीर भएर नियालिरहेको हुन्छ ।

यही जनचेतनाको कारण एक दशकभित्र सबैभन्दा ठूलो दल बनेको शक्ति तेस्रो, चौथो शक्तिमा रूपान्तरित भएका छन् भने दोस्रो–तेस्रो शक्ति पहिलो र दोस्रोमा रूपान्तरित भएका छन् । कुनै जिल्लामा सबै सिट जितेका दल एक सिटमा सीमित भएको अवस्था छ भने दलहरू पनि चिराचिरा भई अस्तित्वहीन बन्दै गएका छन् । सत्ताको आडमा जनचाहना प्रतिकूल रवैयामा जोड दिनु भनेको राजनीतिक भविष्य खतरामा पार्नु हो ।

एक दशक अगाडिकै कुरा हो, मधेसको शक्ति केन्द्रदेखि प्रदेश तथा स्थानीय सरकारसम्म चर्चामा मात्र थिएन, सत्तामा पनि थियो । आम मधेसी जनताको सार्थक परिवर्तन हुने धेरै अपेक्षा थियो । मधेसी जनता र मधेस भूमिको उत्पीडन समाप्त हुन्छ तर एक दशक पार नगर्दै अहिले मधेसी शक्ति सत्ताहीन भएको छ । निर्वाचनमा जनमत न्यून भयो भने चुनावपछि पनि एकता कायम रहन सकेन । विभाजनले शक्ति क्षीण भएर अहिले मधेसी शक्तिको चियोचर्चो पनि हुँदैन । विगतमा भएको मधेस आन्दोलनको बलिदान सखाप भयो । मधेसीलाई विगतजस्तै विभेद, उत्पीडन तथा असमावेशिताको पीडा भोग्नुपर्ने हो कि भन्ने त्रास छ । मधेसी दलहरूले संविधान जारी भएलगत्तै संविधानमा छुटेको मधेसको अधिकार समावेश हुने गरी संशोधनको माग राखी आन्दोलन नै गरे, संशोधन प्रस्ताव पनि पेश भयो तर दुईतिहाई शक्ति मधेसी दलसँग नरहेकोले पारित हुन सकेन र संविधान संशोधन भएन । जसले गर्दा अहिले पनि कतिपय मधेसी शक्ति असोज ३ लाई कालो दिनको रूपमा लिने गरेका छन् । अहिले ठूला दलहरू संविधानमा त्रुटि रहेको महसूस गरी संविधान संशोधन गर्ने शर्तमा सत्तामा गएका छन् । यसबाट संविधानमा त्रुटि छ भन्ने पुष्टि हुन्छ । संविधानमा त्रुटि रहेको अवगत हुँदाहुँदै पनि मधेसी दलहरूले राखेको संशोधन प्रस्तावमा सहयोग नगर्नुले राजनीतिक दलहरूमा कहीं न कहीं मधेसप्रति इमानदारिता छैन भन्ने आभास हुन्छ । यसर्थ संविधान संशोधनमा मधेसी जनताले चाहे अनुसारको संशोधनलाई स्थान दिंदा मधेसी जनताको पनि चाहना सम्बोधन हुने आशा छ । यस तर्फ दलहरूले विचार गर्लान् नै ।

अहिलेको सरकारमा मधेसको पर्सा जिल्लाले राम्रो अवसर पाएको छ । तीन दलले पर्साबाट एकएकजना मन्त्री पाएका छन् । एकैपटक एउटा जिल्लाबाट तीनजना मन्त्री हुनु भनेको त्यो जिल्लाको लागि ठूलो अवसर हो । यो अवसरबाट पर्सा जिल्लाले कति लाभ प्राप्त गर्छ, हेर्न बाँकी छ । पर्साको क्षेत्र नं १, २ र ३ ले मन्त्री पाएकोमा ती क्षेत्रको कमोबेस विकास भयो भने स्वयं मन्त्रीहरूलाई पनि लाभ हुन्छ । विगतको अनुभव हेर्दा कतिपय नेता निरन्तर आफ्नो क्षेत्रबाट जित्दै आएका छन् । जस्तोसुकै अवस्थामा पनि ती क्षेत्रमा उनीहरूलाई हराउन कठिन हुने गरेको छ । यसको प्रमुख कारण उक्त क्षेत्रको विकास हो ।

अहिले पर्साले तीनजना मन्त्री पाएको देखिए पनि जनतामा खासै उत्साह देखिएको छैन । मन्त्रिमण्डल गठन हुने बेला जिल्लाबाट राजधानी गएको बस त्रिशूलीमा खसेर हप्ता दिनसम्म पनि अधिकांश मृतकको अत्तोपत्तो लागेको छैन । स्थानीय मेयरहरूले पीडितलाई भेटेर सहानुभूति देखाए तर मन्त्री बनेकाहरूको भूमिका देखिएन । त्यत्रो अजङ्गको बसको अवस्था पत्ता लाग्न सकेको छैन भने व्यक्तिको शरीर पत्ता लगाउनु कति गाह्रो होला ? दुईवटा बस नदीमा खस्दा पनि अत्तोपत्तो नलाग्नुबाट हामी कति विकट अवस्थामा छौं भन्ने तथ्य उजागर हुन्छ । यसले हामी विज्ञान प्रविधिमा कति पछाडि छौं भन्ने तथ्य प्रस्टिन्छ । हाम्रो विज्ञान तथा प्रविधि मन्त्रालय प्राथमिकतामा पर्ने गरेको छैन । जनतालाई आँसुमा डुबाएर सत्तामा बस्नु लोकतान्त्रिक व्यवहार हुन सक्दैन ।

पर्सा जिल्ला राष्ट्रकै मुख्य नाका हो, औद्योगिक नगर पनि हो । यसलाई आर्थिक राजधानी पनि भनिन्छ । मुलुकको ७० प्रतिशत आयात वीरगंज नाकाबाट हुन्छ । राजस्वको मुख्य स्रोत वीरगंज भन्सार तथा सुखा बन्दरगाह हो । तर यहाँका उद्योगहरू बन्द हुँदै गएका छन् भने व्यापार व्यवसाय पनि सुकेको अवस्था छ । यस क्षेत्रमा ट्रमा सेन्टरसहितको सुविधासम्पन्न एउटै अस्पताल छैन । प्राविधिक शिक्षाको लागि विश्व विद्यालयको अभाव छ । बारा, पर्सा, रौतहट जिल्लामा सिंचाइको लागि बनेको गण्डक नहरको अवस्था मरम्मतको अभावमा निराशाजनक छ ।

हजारौंलाई रोजगार दिएको तथा आर्थिक अवस्था सुधार गरेको चिनी कारखाना, कृषि औजार कारखानालगायत दशकौंदेखि बन्द छन्, जसको अर्बौंको सम्पत्ति नष्ट भइरहेको । न पुनः सञ्चालन गर्ने सुरसार छ, न सम्पत्ति संरक्षण गर्ने सुर्ता । भएका नहरहरू सखाप हुँदैछन् । वनजङ्गल सखाप हुँदै गएको छ । चुरे क्षेत्रको विनाश उत्तिकै भएको छ । महानगरमा सडक विस्तारको कामदेखि अन्य सरकारी कार्यालयहरूको पूर्वाधारमा पनि आधुनिकता छैन । भर्खरै स्थापना भएको उच्च अदालतको अस्थायी इजलास भवन नभएर चिनी कारखानाको भग्न घरमा सञ्चालित छ । जिल्ला अदालतको भवनको दुरवस्था, बाल अदालत गठन नहुनु, साइबर क्राइमको अनुसन्धान र सुनवाइका लागि भरपर्दो पूर्वाधार नहुनुलगायत अनगिनत समस्या छन् । यस्ता समस्याहरूको समाधान नहुनुको मुख्य कारण केन्द्र सरकारमा पर्साको बलियो उपस्थिति नरहेको देखाइन्थ्यो तर अहिले मन्त्रिपरिषद्मा पर्साको बलियो उपस्थिति रहेकोले अब पनि पर्साले विकासको अवसर पाएन भने दुर्भाग्य नै हुनेछ ।

# वीरगंजमा विद्युत् कटौतीले सर्वसाधारण आजित

वीरगंज, १६ साउन/रासस

औद्योगिक तथा व्यापारिक नगरी वीरगंजमा पटक–पटक विद्युत् कटौती हुने समस्याबाट ग्राहक आजित भएका छन् । वर्षायाममा नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनाले पर्याप्त मात्रामा विद्युत् उत्पादन गरेपनि यहाँका घरायसी र औद्योगिक ग्राहकहरू दिनहुं विद्युत् कटौती हुने समस्याबाट आजित भएका छन् । अत्यधिक गर्मी बढे पनि पटक–पटक हुने लोडसेडिङले सर्वसाधारणको दैनिकी अस्तव्यस्त बनेको छ । वीरगंज महानगरको बजार क्षेत्रमा बिजुली कति बेला आउँछ र जान्छ निश्चित छैन । नियमित बिजुली नहुँदा सर्वसाधारण गर्मीमा बस्न बाध्य छन् ।

वीरगंज महानगरपालिका–५ रेशमकोठीका परशुराम कलवारले गर्मीयाममा छिनछिनमा विद्युत् कटौती हुने समस्याले हैरानी खेप्नुपरेको गुनासो गरे । "वीरगंजजस्तो अत्यधिक गर्मी हुने ठाउँमा पटक–पटक लोडसेडिङ हुँदा उकुसमुकुस हुनुपरेको छ"–उनी भन्छन्–"प्राधिकरणले कुनै ठाउँमा नियमित बिजुली दिने कतै नदिने समस्या छ । विशेषगरी मीनाबजार, गहवामाई मन्दिर, रेशमकोठी, बिर्ता एरियामा दिन होस् या रात विद्युत् कटौती नभएको दिनै हुँदैन । यसरी विद्युत् काट्नुभन्दा लोडसेडिङको तालिका दिए जाती हुने थियो ।"

वीरगंज आसपासमा आज बिहान केही समय पानी परेको थियो । त्यस बाहेक यहाँ नियमित पानी नपर्दा गर्मी बढ्दो छ । विद्युत् नियमित आपूर्ति नहुँदा जनजीवन प्रभावित भएको छ । गर्मीकै कारण वीरगंज महानगर आसपासमा एसी तथा पंखा नचलाई बस्न सकिने अवस्था छैन ।



तस्वीर: फाइल

वीरगंजसहित पर्साभरि विद्युत् आपूर्तिका समस्यालाई मध्यनजर गर्दै नेपाल तरुण दल पर्साले मङ्गलवार नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रमा पुगेर ध्यानाकर्षण गराएको थियो । तरुण दल पर्साका सभापति विकास तिवारी नेतृत्वको टोलीले विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुबेलाई ज्ञापनपत्र बुझाएका थिए । उनीहरूले विद्युत् आपूर्तिमा देखिएको समस्या तत्कालै सम्बोधन गर्न माग गरेका थिए । सर्वसाधारणको घरमा मात्रै होइन, बारा–पर्साको औद्योगिक क्षेत्रमा पनि विद्युत् कटौतीको समस्या उस्तै छ ।

औद्योगिक क्षेत्रका ग्राहकले विद्युत् नियमित पाउन सकिरहेका छैनन् । वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले बारा–पर्सा औद्योगिक क्षेत्रमा अहिले विद्युत्को नियमित आपूर्ति हुन नसकेको बताए । "अहिले पनि औद्योगिक क्षेत्रमा अघोषित रूपमा दैनिक तीनदेखि चार घण्टा बिजुली कटौती भइरहेको छ"–उनले भने–"बरु लोडसेडिङ भनेर विद्युत् कटौती गरे कम्तीमा यति समयपछि आउँछ भनेर ढुक्क हुने अवस्था हुन्थ्यो ।" नियमित र भरपर्दो विद्युत आपूर्ति नहुँदा उद्योग व्यवसाय धराशायी भएको उनको भनाइ छ ।

उनले बारा–पर्सा औद्योगिक क्षेत्रमा दैनिक तीन–चार सय मेगावाट भए पनि पर्याप्त मात्रामा प्रसारणलाइन नहुँदा बारम्बार विद्युत् कटौती हुने समस्या भोग्नुपरेको बताए । "वीरगंजको बजार क्षेत्रमा अधिकांशले एसी र पंखा प्रयोग गरिरहेका छन् । अर्कोतर्फ विद्युतीय सवारीसाधन पनि चार्जिङ गर्ने भएकाले घरायसी बिजुलीको खपत बढिरहेको छ । तर, माग अनुसार विद्युत् आपूर्ति गर्ने वितरण प्रणालीको विकास नगर्दा विद्युत् कटौती हुने समस्या व्याप्त छ"– उनले भने–"अहिले विद्युत् प्राधिकरणमा राम्रोसँग लोड व्यवस्थापन गर्न नसक्दा लोडसेडिङ हुने समस्या कायम छ ।"

नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुबेले 'भोल्टेज डाउन' भएर करेन्ट बढेकोले समस्या आएको बताए । "बेला–बेला बिजुलीको मुख्य लाइन, बिजुलीको तार वा ट्रान्सफर्मरलगायतमा हुने आगजनीका कारण मरम्मतसम्भार गर्न विद्युत् कटौती गर्नुपरेको छ"–उनले भने–"अहिले अधिकांश तराई क्षेत्रमा विद्युत् आपूर्तिमा समस्या छ ।"

प्रमुख दुबेले वीरगंज आसपासमा अत्यधिक गर्मी बढेसँगै विद्युत्को माग बढ्दा सोही अनुरूप पूर्वाधार नहुँदा आपूर्तिमा केही असहज भएको बताए । "गर्मी बढेसँगै यस क्षेत्रमा विद्युत्को माग ह्वातै बढेको छ । लोड बढेको अवस्थामा कुनै ठाउँमा आगलागी हुन्छ । कुनै ठाउँमा तार जल्छ । सो ठाउँमा मरम्मत–सम्भारका लागि केही समय लाग्ने गर्छ"–उनले भने–"हामी पनि सुरक्षित हुँदै विद्युत् मरम्मतसम्भार गरिरहेका छौं ।" वीरगंज आसपासमा अव्यवस्थित रहेका केबल तथा अन्य इन्टरनेट सेवाप्रदायक कम्पनीका तारमा बारम्बार आगजनी हुने हुँदा समस्या भइरहेको उनको भनाइ छ ।

प्रमुख दुबेले विद्युत् कटौती भएका स्थानमा उपलब्ध स्रोतसाधन प्रयोग गरेर काम गरिरहेको दाबी गरे । "वीरगंज आसपासमा माग अनुसार विद्युत् आपूर्ति भइरहेको छ । यसमा कुनै समस्या छैन"–उनले भने–"बारा र पर्सा करिडरमा करीब तीन सय मेगावाट विद्युत् माग छ ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# मिथिलामा मधुश्रावणी पर्वको रौनक

अजयकुमार साह
धनुषा, १६ साउन/रासस

जनकपुरधामसहित सम्पूर्ण मिथिला क्षेत्रमा अहिले मधुश्रावणी पर्वको रौनक



देखिएको छ। यस पर्वबाट नवविवाहिता महिलाले वैवाहिक जीवन जिउने पाठ सिक्ने गर्छन् । मिथिलाञ्चलका नवविवाहिता महिलाहरूले गत बिहीवारबाट मधुश्रावणी व्रत शुरू गरेका छन् । साउन महीनाको मौना पञ्चमी तिथिदेखि शुरू हुने मधुश्रावणी व्रत १५ दिनसम्म मनाइने गरिन्छ। देव, ब्राह्मण, कर्ण तथा सोनार जातको नवविवाहिता महिला समिति रहेको यस पर्व अहिले सबै जातजातिका नवविवाहिताले अखण्ड शौभाग्यवती, पतिको दीर्घायुको तथा परिवारको सुख शान्तिको कामना गर्दै मिथिलाञ्चलमा 'मधुश्रावणी' मनाउने गरेको जनकपुरधाम किशोरी टोलकी ज्योतिदेवी झाले जानकारी दिइन् ।

मिथिला संस्कार र परम्परा अनुसार नवविवाहिता मैथिल महिलाका लागि मधुश्रावणी महत्त्वपूर्ण पर्वमध्ये एक हो। यो व्रत श्रावण शुक्ल तृतीया तिथिसम्म मनाइन्छ। यो पर्व नवविवाहिता महिलाले माइतमा बसेर मनाउने गर्छन् । पर्वको एक दिन पहिले नवविवाहिता महिलाको घरबाट आएको नयाँ लुगा, नाग नागिन पूजा गर्न, फूल चढाउन र व्रतालु महिलालाई खानका लागि फल, चना, चामल गौर गढेर पठाउने चलन रहेको झाले बताए। व्रतको अघिल्लो दिन व्रतालु महिला बिहानै नुहाइधुवाइ गरेपछि लसुन प्याज, माछा, मासु, नून बारेर शुद्ध चोखो खान्छन्। त्यस दिनलाई मैथिली भाषामा नहाइ खाइ भन्ने चलन छ । व्रतभरि हरेक दिन नवविवाहिता महिलाले साथीसङ्गीसँग साँझको समयमा आफ्ना घरआँगन तथा गाउँभरिका फूल र फूलको पात, दुबो, पान, बेलको पातलगायत टोडेर ल्याउने साँझमा ल्याएको फूल त्यसको भोलिपल्ट देवीदेवतालगायत शिवपार्वतीको गीत, कथा सुनेर त्यही फूल माता गौरी तथा विषहाराको पूजामा चढाउने गर्छन् ।

मधुश्रावणी व्रतमा राजा दक्षका हरेक छोरीका बारेमा चर्चा गर्नुका साथै, भगवान् शिवलगायत नागनागिनको समेत कथा सुन्ने चलन रहेको पण्डित लालबाबू झा बताउँछन् । पण्डित झाका अनुसार मधुश्रावणीको पहिलो दिन तथा मौना पञ्चमीको दिन माता मानसादेवीको पूजाका साथसाथै माटोले बनाइएका नाग–नागिन र हात्तीको पूजा गरिने विधि रहेको छ । नवविवाहिता महिलाले सामाजिक सांस्कृतिक परम्परामा आधारित मधुश्रावणी पर्व नववैवाहिक जीवनको प्रवेशमा पहिलो वर्ष धूमधामसँग मनाउँछन् । वर्षा ऋतुमा सर्पको भूमि (जमीन)मा आगमन हुने भएकोले उनीहरूको सम्मानका लागि नागनागिनको साथै शिवपार्वतीको पूजा गर्ने चलन रहेको मिथिला नगरपालिका–६ कि पूनम झाले बताइन् ।

नारी जीवनमा पतिप्रतिको स्नेह, सौहाद्रतालाई प्रगाढ बनाउन प्रेरित गर्छ, भने सर्पका वंशको बारेमा चर्चित कथाले नागको पूजा गर्ने भावनालाई अभिप्रेरित गर्ने जनविश्वास रहेको महेन्द्रनगर, धनुषाकी गीतादेवी झाले बताइन्। तृतीया तिथिको दिन तथा अन्तिम दिनलाई मधुश्रावणी भनिन्छ । त्यस दिन फेरि घरबाट व्रतालु महिलाका लागि खानेकुरादेखि लगाउने लुगासमेत पठाउने गर्छन् ।

मिथिलामा चाडपर्व र संस्कृतिको विशेष महत्त्व छ । ज्ञान र विद्याको रूपमा परिचित थलो मिथिलामा महिलाको उच्च स्थान रहँदै आएको छ। नेपाल र भारतमा मनाइने मधुश्रावणी पूजालाई कतै हरियाली तीज, श्रावणी द्वितीया भन्ने चलन पनि छ ।

यस व्रतमा चढाइने बेलपात, मानको पात, धानको लावा, गाईको दूध, फलफूल, खीरलगायत अधिकांश परिकार प्रकृतिसँग जोडिएकाले यस पर्वले प्रकृतिको संरक्षण कसरी गर्नुपर्छ भन्ने पाठसमेत सिकाएको मानिन्छ। हिन्दू धर्मावलम्बीले गर्ने हरेक पूजामा पुरुष पुरोहितले पूजा गरे पनि यस पूजामा महिलाको मात्र सहभागिता रहने गरेकोले व्रतको आफ्नै महत्त्व र विशेषता रहेको मैथिलीका साहित्यकार रामभरोस कापडी बताउँछन् ।

महिलाले पूजा गर्ने, कथा भन्ने, गीत गाउने, फूल टिप्ने सबै महिला नै रहेकोले यस पर्वमा महिलालाई पुरुषभन्दा अग्रस्थानमा रहेको सन्देश दिएको साहित्यकार कापडीको धारणा छ। एक व्रतालु महेन्द्रनगर धनुषाकी ममता साहका अनुसार यस व्रतमा भनिने कथा र गीतले नवविवाहिता महिलाले आफ्नो वैवाहिक जीवनलाई कसरी सहजरूपले अगाडि बढाउने भन्ने सन्देश दिने गर्छ। यो हाम्रो संस्कृति भएको र विवाहको पहिलो वर्ष मात्र विधिवत् मनाउने भएकाले यसको आनन्द सबै नवविवाहिता महिलाले लिनुपर्ने उनको भनाइ छ ।

### पूजा सामग्री

कपडा, शृङ्गारका सामान, पूजाका सामग्रीको व्यवस्था र पूजा गर्ने नवविवाहिताको भोजनका वस्तु पनि घरबाटै पठाउने चलन छ ।

मधुश्रावणी पर्वको पहिलो दिन तथा अन्तिम दिन विधिविधानसहित नवविवाहिता वधूहरूले पूजा र अनुष्ठान गर्दै देवी पार्वती (गौरी), सूर्य, चन्द्र, नवग्रह, नागको विधिवत् पूजा गर्छन् । मधुश्रावणीको अन्तिम दिन अर्थात् श्रावण शुक्ल तृतीयाको दिन नवविवाहिता वधूको घरबाट पूजा सामग्रीका साथै पकवान र नववस्त्र उपहार आउँछ, सोही पूजा सामग्रीबाट पूजा समापन गरिन्छ। पूजाको अन्त्यमा महिलालाई प्रसादस्वरूप गुलियो खान दिइने गरिन्छ । यस पर्वमा हरेक दिन पूजाको अघिल्लो दिन साँझपख फूल, पात आदि एकत्रित गरेर बाँसको डालामा सजाइने गरिन्छ ।

त्यही फूलपातले भगवान् भोलेनाथ, माता गौरी तथा नागवंश वा विषहाराको पूजाअर्चना गरिन्छ । भनिन्छ, माता विषहारा देवादिदेव शिवका पुत्री हुन्, त्यसैले १३ दिनसम्म शिवपार्वतीको साथै माता विषहराको माटोको स्वरूपको पूजा गरिन्छ। शिवपार्वतीको जीवन चरित्रको साथै माता विषहाराको जन्म र मानव जीवनमा त्यसको महत्त्वको कथाको रूपमा सुनिन्छ ।

मधुश्रावणी पूजाका लागि चाहिने विशेष सामग्रीमा दुबो, काँचो बेसार, धनिया, सरवा, पानक पात, सुपारी, सिन्दूर गद्दी, लाल कपडा, माटोका पाँचवटा विषहारा, पाँचवटा मैना पात, पाँचवटा केराको पात, काजल, पिठार (चामलको पीठोको घोल), श्रीखण्ड चन्दन, पुरहैर, पातिल, धान, गाईको दूध, लावा, फूल, नीमको पात, कागरी आदि छन् ।

त्यसैगरी नैवेद्यका लागि चोखो चामल, चिउरा, चिनी, आँप, कटहर, केरा, अङ्कुरित चना वा मुग आवश्यक हुन्छ ।

### बासी फूलले पूजा गर्ने परम्परा

यस पर्वमा मिथिलाका नवविवाहिताहरूले आफ्नो सौभाग्यको दीर्घायुका लागि बासी फूलले माता गौरी तथा विषहाराको पूजा गर्छन्। यस पर्वको अवधिमा मिथिलाका नवविवाहिता महिला पूजाको अघिल्लो दिन आफ्ना सखी–सहेलीसँगै पारम्परिक लोकगीत गाउँदै शृङ्गारसहित सजिएर फूलको बगैंचाबाट विभिन्न प्रकारका फूलपातीलाई बाँसको डालोमा सजाएर ल्याउँछन्। प्रत्येक दिन बिहान आफ्नो पतिको लामो आयुको कामना गर्दै त्यसै फूलपातले माता पार्वतीको साथै विषहाराको पूजा गर्ने गर्छन् ।

प्रत्येक दिन पूजापश्चात् महिला पुरोहितले मधुश्रावणी व्रतको कथा सुनाउँछन् । मधुश्रावणी व्रत कथामा प्रत्येक दिनको छुट्टाछुट्टै १३ वटा कथा छन् । पहिलो दिन मौना पञ्चमी र

(बाँकी पाँचौं पातामा)



पर्साको रामभौरीभाठामा साउन महीनाभरि मेला लाग्छ। सो मेलामा नेपाल तथा भारतका व्यापारीले विभिन्नथरीका पसल खोलेका छन्। मेलामा खानपिनका सामान, बालबालिकाका लागि खेल्ने सामग्रीलगायत घरायसी सामग्री बिक्री भइरहेका छन्। तस्वीरः राधेश्याम पटेल

## फरक समाचार

# के हो फिलिङ एक्सप्रेस

आफ्नो भावना व्यक्त गर्न सजिलो छैन। विशेषगरी जब तपाई कसैप्रति गहिरो भावना राख्नुहुन्छ। भावना साझा गर्ने एउटा तरीका हुन्छ। यद्यपि, कहिलेकाहीं हामी धेरै सोचेर यसलाई अझ गाऱ्हो बनाउँछौं। आफूलाई अभिव्यक्त गर्नु ठूलो काम होइन। तर केही कुरा ध्यानमा राख्नुपर्छ। प्रायः मान्छेहरू सही समयको पर्खाइमा रहन्छन् तर सही समय कहिल्यै आउँदैन। यदि तपाई कसैसँग आफ्नो भावना साझा गर्न चाहनुहुन्छ भने ढिलो नगर्नुहोस्। भावना बताउन शान्त र निजी ठाउँ छान्नुपर्छ।



**धेरै सोच्नु :** आफ्ना भावना व्यक्त गर्नु अघि धेरै सोच्दा तपाई संशयमा पर्न सक्नुहुन्छ। आफ्नो मनको कुरा सुन्नुहोस् र मनको कुरा गर्नुहोस्। यद्यपि, स्पष्ट र सम्मानपूर्वक आफ्नो विचार व्यक्त गर्नुपर्छ।

**अपेक्षा :** आफ्नो भावना व्यक्त गर्नुको मतलब यो होइन कि अर्को व्यक्तिमा पनि त्यस्तै भावना छ। निराशाबाट आफूलाई बचाउन अपेक्षाहरू कम राख्नुहोस्।

**दोषारोपण :** आफ्नो भावना व्यक्त गर्दा अन्य व्यक्तिलाई दोष नदिनुहोस्। आफ्नो भावना व्यक्त गर्दा 'म, मेरो' शब्दहरूमा व्यक्त गर्नुहोस्। उदाहरणका लागि, 'म यस्तो महसूस गर्छु' भन्नुको सट्टा 'तिमीले मलाई यस्तो महसूस गरायौ' भन्नु गलत हुनेछ।

**दबाब :** आफ्नो भावना व्यक्त गर्दा अर्को व्यक्तिलाई दबाब नदिनुहोस्। उसलाई प्रतिक्रिया दिन समय दिनुहोस्। यदि ऊ तयार छैन भने अझ समय दिनुहोस्।

# के हो कपिङ थेरापी ?

के तपाईंले एथलिटको शरीरमा रातो दाग देख्नुभएको छ ? प्रायः गरेर एथलिटहरूले कपिङ थेरापी लिने गर्छन्। हालका वर्षहरूमा कपिङ थेरापीले धेरै लोकप्रियता प्राप्त गरेको छ। धेरै ओलम्पिक खेलाडीले यसलाई आफ्नो फिटनेस दिनचर्या बनाएका छन्।

कपिङ थेरापी एउटा प्राचीन चिकित्सा अभ्यास हो, जसमा तातो कप छालामा लगाइन्छ। जब कप चीसो हुन्छ, यसलाई छालाबाट हटाइन्छ। यसबाट छालाको तन्तु फैलिन्छ र रक्त परिसञ्चरण बढ्छ। यसले शरीरको फोहोर हटाउन र दुखाइ कम गर्न मदत गर्छ।



**कपिङ थेरापीले कसरी काम गर्छः**

कपिङ थेरापीमा तातो कप छालामा राखिन्छ। यसले रगत प्रवाह बढाउनुको साथसाथै शरीरमा हुने सूजन कम गर्न र मांसपेशीलाई आराम दिन्छ।

**कपिङ थेरापीको लाभ :** कपिङ थेरापीमा एन्टी–इन्फ्लेमेटरी गुण हुन्छ, जसले मांसपेशीहरूको दुःखाइ र सूजन कम गर्न मदत गर्छ।

कपिङ थेरापीले रगतको प्रवाह बढाउँछ, जसले शरीरका तन्तुहरूलाई थप अक्सिजन र पोषक तत्त्व उपलब्ध हुन्छ। कपिङ थेरापीले शरीरको फोहोर हटाउँछ। कपिङ थेरापीले शरीरलाई आराम दिन्छ र तनाव कम गर्छ।

**ओलम्पिक खेलाडीहरू किन कपिङ थेरापी लिन्छन् :** धेरै ओलम्पिक खेलाडीहरूले कपिङ थेरापी अपनाएका छन्। यसको कारण हो कि यो थेरापीले मांसपेशीहरूमा दुःखाइ र थकान कम गर्न मदत गर्छ। एथलिटहरू फिट रहनुपर्छ र कपिङ थेरापीले तिनीहरूलाई यसमा मदत गर्छ।

# कलेजोको लागि स्वस्थ आहार

कलेजो हाम्रो शरीरको महत्त्वपूर्ण अङ्ग हो। यसले हाम्रो रगतलाई शुद्ध बनाउँछ र खाना पचाउन पनि मदत गर्छ। त्यसैले कलेजोलाई स्वस्थ राख्न निकै जरुरी हुन्छ।

**सागपात :** हरियो सागपात जस्तै पालक, मेथी र तोरीको साग कलेजोको लागि धेरै राम्रो हुन्छ। यसमा धेरै पोषक तत्त्वहरू हुन्छन् जसले कलेजो सफा गर्न मदत गर्दछ। पालकमा आइरन पनि हुन्छ, जुन रगतको लागि राम्रो हुन्छ। मेथीमा फाइबर हुन्छ, जुन पेटका लागि राम्रो हुन्छ। तोरीको सागमा क्याल्शियम हुन्छ, जुन हाडका लागि आवश्यक हुन्छ।



**गाजर :** गाजरमा भिटामिन ए प्रचुर मात्रामा पाइन्छ। यो भिटामिन आँखाको लागि पनि राम्रो हुन्छ। गाजर काँचै खान सकिन्छ, वा यसको रस पिउन सकिन्छ। गाजरको जुसमा पनि फाइबर हुन्छ, जुन पेटका लागि राम्रो हुन्छ।

**कागती :** कागतीमा भिटामिन सी हुन्छ, जसले रोग प्रतिरोधात्मक क्षमता बढाउन मदत गर्छ। कागती पानी पिउनाले शरीरमा भएको पानीको कमी पनि पूरा हुन्छ। कागती पानीमा थोरै मह मिसाएर पिउँदा स्वास्थ्यका लागि पनि फाइदाजनक हुन्छ।

**अदुवा :** अदुवामा एन्टी इन्फ्लेमेटरी गुण हुन्छ, जसले सुजन कम गर्न मदत गर्छ। अदुवाको चिया पिउनाले रुघाखोकीबाट पनि राहत मिल्छ। तरकारीमा पनि अदुवा प्रयोग गर्न सकिन्छ।

**बेसार :** बेसारमा एन्टिअक्सिडेन्ट हुन्छ, जसले शरीरलाई रोगबाट बचाउँछ। बेसारसँग दूध पिउनाले राम्रो निद्रा लाग्छ। तरकारीमा बेसार अनिवार्य प्रयोग गर्नुपर्छ। यी खानेकुरालाई आहारमा समावेश गरेर कलेजोलाई स्वस्थ राख्न सकिन्छ। याद गर्नुहोस्, स्वस्थ रहनको लागि सही खानपान महत्त्वपूर्ण हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## सिङ्गापुर र अमेरिकाबीच परमाणु ऊर्जा सहयोग सम्झौतामा हस्ताक्षर


तस्वीरः एजेन्सी

सिङ्गापुर, १६ साउन/एएफपी

संयुक्त राज्य अमेरिका र सिङ्गापुरले बुधवार परमाणु ऊर्जाको शान्तिपूर्ण प्रयोगको सम्बन्धलाई प्रगाढ बनाउने उद्देश्यले एउटा सम्झौतामा हस्ताक्षर गरेका छन्।

एशिया भ्रमणाको क्रममा वाशिङ्टनका शीर्ष कूटनीतिज्ञ अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र उनको सिङ्गापुरका समकक्षी भिभियन बालाकृष्णानले गैरसैनिक परमाणु ऊर्जासँग सम्बन्धित '१२३ सम्झौता' मा हस्ताक्षर गरेका छन्।

"यो सम्झौता संयुक्त राज्य अमेरिका र सिङ्गापुरबीच लामो समयदेखि रहेको सहकार्यमा आधारित छ। यसले आपसी प्रतिबद्धतामा आधारित शान्तिपूर्ण गैरसैनिक परमाणु ऊर्जा सहयोगका लागि गहिरो सम्बन्ध बनाउने विस्तृत ढाँचाको रूपरेखा बनाउँछ"–सम्झौतापछि दुवै देशका प्रतिनिधिद्वारा जारी संयुक्त विज्ञप्तिमा भनिएको छ।

क्षेत्रीय वित्तीय केन्द्र र विश्वव्यापी सेमिकन्डक्टर उद्योगको एक प्रमुख उत्पादक सिङ्गापुर हाल तेल र प्राकृतिक ग्याँसमा भने निर्भर छ। यसले सन् २०५० सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य पूरा गर्न परमाणु ऊर्जासहितका विकल्पहरूको अध्ययन गरिरहेको छ।

अमेरिकी संसद्ले समीक्षा गरेपछि सन् २०२४ को अन्त्यसम्म यो सम्झौता लागू हुने अपेक्षा गरिएको छ।

"यो सम्झौता ३० वर्षसम्म चल्नेछ र सिङ्गापुरलाई अमेरिकी ऊर्जा प्रविधि र निर्यात नियन्त्रणमा रहेको विशेषज्ञताबारे विस्तृत जानकारीको पहुँचमा सहजीकरण गर्नेछ"–विज्ञप्तिमा भनिएको छ।

"यो सम्झौतापश्चात् सिङ्गापुर पनि अमेरिकी विदेश विभागको कार्यक्रममा सामेल हुनेछ जसले साझेदारहरूलाई थप उन्नत परमाणु ऊर्जा प्रविधिबारे बुझ्न सक्षम बनाउँछ।"

वाशिङ्टनले चीन, इन्डोनेशिया, फिलिपिन्स र भियतनामलगायत २२ वटा देशका साथै युरोपेली आणविक ऊर्जा समुदाय र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी गरी दुई संस्थाहरूसँग सक्रिय '१२३ सम्झौता' गरेको छ। रासस


**टेलर ट्रकमा साना सवारीः** एकीकृत जाँचचौकी वीरगंजमा टेलर ट्रकमा साना चार पाङ्ग्रे सवारीसाधन लोड गरिंदै। वीरगंज भन्सार कार्यालयका अनुसार गत आवमा १,४३५ वटा जीप, कार र भ्यान आयात हुँदा कार्यालयले रु चार अर्ब ९६ करोड ९२ लाख १८ हजार राजस्व सङ्कलन गरेको छ। तस्बिरः हिमाल लम्साल/रासस

## ज्ञान र सीप जनताको हितमा केन्द्रित गरौं–राष्ट्रपति पौडेल

काठमाडौं, १६ साउन/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको राजनीतिक स्थायित्व, विकास र सुशासनका माध्यमबाट देशलाई समृद्धिको बाटोमा लैजान सके मात्र अग्रजहरूले परिकल्पना गरेको लक्ष्यमा पुग्न सकिने बताएका छन्।

डा डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय विकास समितिद्वारा राष्ट्रपति कार्यालय शीतल निवासमा बुधवार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले हाम्रा अनुभव, ज्ञान, सीप, क्षमता र योग्यता देश र जनताको सर्वोत्तम हितका लागि समर्पित गनुपर्ने बताए।

सुशासन, विकास र समृद्धि हाम्रो राष्ट्रिय अठोट र प्रतिबद्धता हुनुपर्ने बताउँदै राष्ट्रपति पौडेलले भने, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरे अनुसार राजनीतिक स्थायित्व, विकास र सुशासनका माध्यमबाट देशलाई समृद्धिको बाटोतर्फ लैजान सके मात्र हाम्रा अग्रज राजनीतिज्ञहरूले परिकल्पना गरेको लक्ष्य साकार हुन्छ। त्यसैले सुशासन, विकास र समृद्धि हाम्रो राष्ट्रिय अठोट र प्रतिबद्धता हुनुपर्छ।"

राष्ट्रपति पौडेलले नेपालको लोकतान्त्रिक आन्दोलनमा ऐतिहासिक भूमिका निर्वाह गरेका डा रेग्मीको व्यक्तित्व बहुआयामिक भएको बताउँदै नेपालको राजनीतिक, साहित्यिक र सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान प्रेरणादायी रहेको बताए। उनले अङ्ग्रेजी भाषामा नेपालको इतिहास लेखेर नेपाललाई संसारमा चिनाउन रेग्मीले दिएको योगदानको स्मरण गरे।



कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले डा डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालयलाई व्यवस्थित र गतिशील बनाउन लागिपर्ने प्रतिबद्धता व्यक्त गरिन्।

यस वर्षको एक लाख राशिको डिल्लीरमण रेग्मी राष्ट्रिय पुरस्कार नेपालका पाका तथा प्रतिष्ठित पत्रकार भैरव रिसाललाई तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)लाई प्रदान गरिएको छ।

## पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १४३ पुग्यो, उद्धार कार्य जारी

केरला, भारत, १६ साउन/एएनआई

भारतको वायनाडमा गएको पहिरोमा परी ज्यान गुमाउनेहरूको सङ्ख्या १४३ पुगेको छ। पहिरो प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्य जारी रहेको केरलाको स्वास्थ्य विभागले जनाएको छ।

विनाशकारी पहिरोले आवास तथा सडकहरू क्षतिग्रस्त हुनुका साथै जलप्रवाह बढेकोले उद्धार कार्यमा बाधा पुऱ्याएको जनाइएको छ।

यसैबीच, मङ्गलवार केरला विधान सभामा राष्ट्रिय झन्डा आधा झुकाइएको छ भने दुई दिने शोकको घोषणा गरिएको छ।

मङ्गलवार सङ्घीयमन्त्री जर्ज कुरियनले जारी राहत कार्यको समीक्षा गर्न वायनाड पुगी एनडिआरएफ, सिआरपिएफ र सेनाका वरिष्ठ अधिकारीहरूसँग भेट गरेको र राहत शिविरको समेत अवलोकन गरेको सामाजिक सञ्जाल एक्समार्फत जानकारी गराएका छन्।

मन्त्री जर्जले यस अघि वायनाड पहिरोको अवस्था मूल्याङ्कन गर्न स्वास्थ्य विभाग निर्देशनालयको भ्रमण गरी प्रभावित क्षेत्रमा उपचारको व्यबस्था मिलाउन निर्देशन दिए। मन्त्री जर्जले आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना गर्न सिफारिशसमेत गरेका छन्।

यसैबीच, भारतीय मौसम विज्ञान विभाग (आइएमडी) ले जुलाई ३१ र अगस्त १ मा केरलामा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

मुख्यमन्त्री पिनाराई विजयनले वायनाडको पहिरो प्रभावित चुरालमालामा उद्धार कार्य द्रुत बनाउन उच्चस्तरीय बैठकको आयोजना गरेका थिए। यसमा विभिन्न केन्द्रीय सङ्घसंस्था र सेनासँग सहकार्य गरेर राहत अभियान अघि बढाउने विषयमा छलफल भएको थियो। रासस

## कमला नदीमा फसेका तीनजनाको उद्धार

जनकपुर, १६ साउन : धनुषाको कमला नदीमा आज एक्कासी आएको बाढीमा फसेका तीन जनालाई सकुशल उद्धार गरिएको छ। सबैला नगरपालिकाको–१३, किरतपुरस्थित कमला नदीमा फसेका तीन जनालाई सकुशल उद्धार गरिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुन्दर चौलागाईंले सोही ठाउाका १७ वर्षीय राजेश यादव, ४० वर्षीय नथुनी यादव र शिवराम साफीलाई कमला नदीको बीच भागबाट उद्धार गरिएको जानकारी दिनुभयो। आज बिहान दाउरा सङ्कलन गर्न गएको अवस्थामा एक्कासी बाढीको वहाब बढेपछि उनीहरू नदीमा फसेका थिए।

सबैला नगरपालिकाबाट खटिएका नगर प्रहरी र सशस्त्र प्रहरी वेस क्याम्प रघुनाथपुरको सहयोगमा लाइफ ज्याकेट, ट्युब र डोरीको सहायताले उद्धार गरिएको प्रहरी निरीक्षक चौलागाईंले जानकारी दिनुभयो। उद्धार कार्यमा सबैला नगरपालिकाका नगरप्रमुख कारीराम यादवले समन्वय र सहयोग गरेका थिए।

बाढीबाट सुरक्षित रहन तथा सतर्क रहनको लागि धनुषा प्रहरीले नदी तटिय क्षेत्रका नागरिकलाई आग्रह गरेको छ।

## हमासका वरिष्ठ नेता हानियाको इजरायली हमलामा मृत्यु

तेहरान, १६ साउन/एएफपी

हमासले बुधवार नवनिर्वाचित प्रधानमन्त्रीको शपथग्रहण समारोहमा सहभागी भएको केही क्षणपछि हमासका राजनीतिक विभाग प्रमुख इनियाको इजरायली आक्रमणमा मृत्यु भएको छ।

"हाम्रो अभियानको प्रमुख मुजाहिद इस्माइल हानिया नयाँ इरानी राष्ट्रपतिको शपथग्रहण समारोहमा भाग लिएपछि तेहरानस्थित उनको मुख्यालयमा भएको यहुदी समूहको आक्रमणमा मारिनुभएको छ"–हमासले एक विज्ञप्ति जारी नेता हानियाको मृत्युको पुष्टि गरेको छ।

इरानको रिभोलुशनरी सुरक्षा गार्डले पनि तेहरानस्थित हानियाको निवासमा आक्रमण हुँदा उनीसहित एक अङ्गरक्षक मारिएको पुष्टि गरेको छ।

"तेहरानमा हमास प्रमुख इस्माइल हानियाको निवासमा आक्रमण हुँदा हमास नेता हानिया र उनका एक अङ्गरक्षकको मृत्यु भएको छ"– इस्लामिक रिभोलुशनरी गार्ड निकट समाचार संस्था सेपाहले उल्लेख गरेको छ।

हानिया मङ्गलवार इरानी राष्ट्रपति मसूद पेजेस्कियनको शपथग्रहण समारोहमा भाग लिन तेहरान आएका थिए।

इजरायली सेनाले हानियाको मृत्युको सम्बन्धमा कुनै प्रतिक्रिया व्यक्त गरेको छैन।

सन् २००६ मा प्यालेस्टिनी प्रधानमन्त्री बनेका हानिया सन् २०१७ मा खालिद मेशालको उत्तराधिकारीका रूपमा हमासको राजनीतिक विभागका प्रमुखको रूपमा निर्वाचित भएका थिए।

व्यावहारिकतावादी मानिने हनिया प्रायः टर्की र कतार गरी दुई देशमा निर्वासनमा बस्ने गरेको मानिन्छ।

हानियाले हमासका प्रतिद्वन्द्वीहरूसहित विभिन्न प्यालेस्टिनी समूहका प्रमुखहरूसँग राम्रो सम्बन्ध राखेको बताइएको छ।

इजरायली कब्जाविरुद्ध पहिलो प्यालेस्टिनी विद्रोहीको रूपमा सन् १९८७ मा हमासको स्थापना भएदेखि नै उनी यस समूहमा सामेल भएका थिए। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | विजय | वृष | धनक्षति |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | राज्यभय | वृश्चिक | रोगभय |
| धनु | व्यापारवृद्धि | मकर | कडाश्रम |
| कुम्भ | कार्यनाश | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## राप्रपाका जिल्ला अध्यक्षहरूको भेला हुँदै

काठमाडौं, १६ साउन/रासस

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का जिल्ला अध्यक्षहरूको भेला यही साउन १७ र १८ गते काठमाडौंमा हुने भएको छ।

यही साउन १७ गते भेला हुने कार्यक्रम तय भएको सो पार्टीका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए। उनका अनुसार भेलामा ७७ वटै जिल्लाका अध्यक्षहरूले आआफ्नो जिल्लाको साङ्गठनिक प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको छ।

भेलामा पार्टीको समग्र साङ्गठनिक अवस्थाको गम्भीर समीक्षा गरिने, विगतका निर्वाचनका कमीकमजोरीको समीक्षा गर्दै आगामी रणनीति तय गरिने, पार्टीले लिएका नीति र यसले पार्टी पङ्क्ति तथा जनसमुदायमा पारेको प्रभावको विश्लेषण गरिने, पार्टीको केन्द्रीय कार्यसमिति बैठकले आगामी वैशाख मसान्तसम्म स्थानीय तहको अधिवेशन गरिसक्ने लक्ष्य लिएको अवस्थामा सबै तहको अधिवेशन सम्पन्न गर्ने साथै २०८४ मा हुने तीन तहकै निर्वाचनको तयारीमा अहिलेदेखि कस्तो रणनीति तय हुने भन्ने विषयमा पनि छलफल हुने सचिवालय प्रमुख महामन्त्री राजेन्द्र गुरुङले जानकारी दिए।

उक्त भेलामा पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीको नीति, विचार, सिद्धान्तलगायत रणनीति र आगामी कार्ययोजनाबारे जिल्ला अध्यक्षहरूलाई निर्देशन गर्नेछन् भने पार्टीका पूर्वअध्यक्ष पशुपति शमशेर जबरा, निर्देशन समितिका अध्यक्ष डा प्रकाशचन्द्र लोहनी र नेताहरूले पार्टी सङ्गठनका विविध पक्षमा जिल्ला अध्यक्षसँग सामूहिक छलफल गर्ने कार्यक्रमसमेत रहेको सो पार्टीले जनाएको छ।

**मिथिला ...**

विषहाराको जन्मको कथा, दोस्रो दिन बिहुला र मनसाको कथा, विषहारा र मङ्गला गौरीको कथा, तेस्रो दिन पृथ्वीको जन्म र समुद्र मन्थनको कथा, चौंथो दिन सतीको कथा र पतिव्रताको कथा, पाँचौं दिन महादेवको पारिवारिक कथा सुनाइन्छ।

यस्तै, छैटौं दिन गङ्गाको कथा, गौरीको जन्मकथा, काम–दहन कथा, सातौं दिन गौरीको तपस्या, आठौं दिन गौरीको विवाह वर–तथा–बरियाती, नवौं दिन मैनाको मोह, गौरीको विवाह, १०औं दिन कात्तिकको जन्मकथा, गणेशको जन्म र गौरीको नागको कथा, ११औं दिन सन्ध्याको विवाह र लीलीको जन्मकथा, लीलीको विवाहकथा, १२औं दिन बाल–वसन्त र गोसाउनको कथा र १३औं अर्थात् अन्तिम दिन श्रीकर राजाको कथा सुनाइन्छ।

श्रावण महीना आएलगत्तै मिथिलाञ्चलमा लोकसंस्कृतिले भरिएका मधुश्रावणीका गीतसमेत गुञ्जिन थालेको छ। यस पर्वमा माटोको मूर्ति, विषहारा, गौर बनाइन्छ। नवविवाहिता महिला मधुश्रावणी अवधिमा चोखो भोजन ग्रहण गर्छन्। यस अवधिमा नवविवाहिता व्रत बसी श्री गणेश, माटो र गोबरबाट बनाइएका विषहारा एवं गौरीशङ्करको विशेष पूजा गर्छन्। मधुश्रावणी व्रतको शुरू र अन्तिम दिनमा व्रतालुद्वारा समाज र परिवारका महिला सदस्यलाई अङ्कुरित चना, मुग प्रसादको रूपमा बाँड्ने परम्परा छ।

व्रतालु महिला पूजाको समयमा गोसाउनको गीत तथा मधुश्रावणी पर्वसँग सम्बन्धित गीत गाउँछन् र साँझको समयमा कोहबर गीत तथा साँझ गीत गाउने परम्परा छ। पर्वको अन्तिम दिन टेमी दाग्ने (नवविवाहित वधूका दुईवटै घुँडा र खुट्टामा बलिरहेको बातीले दाग्ने) परम्परा छ। जुन व्रतालुको दुईटै घुँडामा फोका उठ्छ, उसको पतिको आयु लामो हुने जनविश्वास छ।

गौरीलाई दाम्पत्य जीवनको संरक्षिका र विषधर नागलाई वंश समाप्त पार्ने प्रवृत्तिको जीव मानिएकाले यस पर्वमा गौरी तथा नागनागिनको विशेष पूजा आराधना गर्ने गरिएको संस्कृतिविद् बताउँछन्। गौरी दाम्पत्य जीवनलाई सुखी बनाउने मात्र होइन, मनकामना पूर्ण गर्ने देवी पनि हुन्। मिथिलाकी राजकुमारी सीताद्वारा गौरीपूजन गरिएकाले भगवान् श्रीरामजस्ता पति पाइन् भन्ने धार्मिक विश्वास रहेको पाइन्छ।

मधुश्रावणी पर्वमा कतिपय कथा शिवपार्वतीको वैवाहिक, रोमाञ्चक प्रसङ्ग एवं ठटचौली भरिएका कारण नारी जीवनमा पतिप्रतिको स्नेह, सौहार्दतालाई प्रगाढ बनाउन प्रेरित गर्छ भने सर्पकी आमा विषहारा र उनको वंशका बारेमा चर्चित कथाले नागको पूजा गर्ने भावनालाई अभिप्रेरित गर्ने जनविश्वास छ। साउनमा जो कसैले नाग देवताको पूजा गर्छन्, उसलाई सर्पबाट भय हुँदैन भन्ने धार्मिक विश्वास रहेको पाइन्छ। यसै कारणले मधुश्रावणी पर्वमा विषहाराको विशेष पूजा गरिन्छ।






गएराति परेको अविरल वर्षाको कारण पूर्व–पश्चिम राजमार्गको महोत्तरी जिल्ला अन्तर्गत टुटेश्वरनजीक राजमार्ग बाढीले बगाउँदा सवारी आवागमन अवरुद्ध भएको छ । सवारीसाधनहरू बाँके जङ्गलको बाटो हरिपुर्वा हुँदै महोत्तरीको सम्सी–गौशाला रोडबाट ओहोरदोहोर गर्न बाध्य छन् । तस्वीरः नितेश कर्ण/प्रतीक

# पर्सामा एकै वर्षमा २३२ साना तथा घरेलु उद्योग खारेज

वीरगंज, १६ साउन/रासस

गत आर्थिक वर्षमा पर्सामा २३२ साना तथा घरेलु उद्योग खारेज भएका छन् । आर्थिक सङ्कटका कारण उद्योगलाई निरन्तरता दिन नसकेपछि साना तथा घरेलु उद्योग सञ्चालकहरू घरेलु तथा साना उद्योग कार्यालय पुगेर उद्योग खारेज गराउन थालेका हुन् ।

तस्वीरः फाइल




घरेलु तथा साना उद्योग कार्यालय पर्साका प्रमुख उद्योग अधिकृत धनञ्जयकुमार सिंहले भने–"आर्थिक मन्दीका कारण थला परेका साना तथा घरेलु उद्योग बन्द हुने क्रम बढेको छ । अर्कोतर्फ सरकारले आव २०८१/८२ को बजेट वक्तव्यसँगै ल्याएको आर्थिक विधेयकमा वर्षौंदेखि नवीकरण नगर्ने साना तथा घरेलु उद्योग खारेजीमा २५ प्रतिशत छुट दिने प्रावधानको कारण पनि धेरै उद्योग खारेजीमा परेका हुन्"– उनले भने ।

उनले पछिल्लो समय घरेलु तथा साना उद्यम गर्ने उद्यमीलाई सहजरूपमा बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त नहुँदा पनि समस्या भइरहेको बताए । "अहिले जताततै आर्थिक मन्दीले अर्थतन्त्रलाई शिथिलतातर्फ लगिरहेको छ । जसको कारण साना तथा घरेलु उद्योग मारमा परिरहेका छन्"–उनले भने–"राज्यले साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्ने वातावरण बनाउन आवश्यक छ ।" पर्सा जिल्लामा आव २०७९/८० मा भने १७७ वटा साना तथा घरेलु उद्योग खारेजीमा परेका थिए ।

# देशभर दुई हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण

काठमाडौं, १६ साउन/रासस

देशभर दुई हजारभन्दा बढीमा डेङ्गु रोगको सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले ७३ जिल्लाका दुई हजार ६१ जनामा सङ्क्रमण देखिएको जानकारी दिए । मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आकलन गरिएको हुँदा मनसुनसँगै लामखुट्टेको प्रजननका लागि अनुकूल अवस्था बन्न सक्ने र डेङ्गु रोगको सङ्क्रमण थप बढ्न सक्ने अनुमान गरेको उनले बताए ।

मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिएको जनाइएको छ । सबैभन्दा बढी काठमाडौंमा २४९ जनामा डेङ्गु देखिएको छ । यस्तै, झापामा १३० र चितवनमा १०५ जनामा सङ्क्रमण देखिएको छ ।

**उपत्यकामा ३१६ जनामा सङ्क्रमण**

उपत्यकामा मात्रै ३१६ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । काठमाडौंमा २४९, भक्तपुरमा ३८ र ललितपुरमा २९ जनामा सङ्क्रमण देखिएको हो ।

रोग शाखा प्रमुख डा दाहालले डेङ्गु सङ्क्रमण अझै बढ्ने भएकाले सतर्कता अपनाउन आग्रह गरेका छन् । "डेङ्गु रोगबाट बच्ने सबैभन्दा उत्तम उपाय लामखुट्टेको टोकाइबाट बच्नु हो । यसका लागि आफ्नो घरवरिपरि तथा कार्यस्थलमा पानी जम्न नदिने, घरका झ्यालढोकामा लामखुट्टे नछिर्ने जाली लगाउने, जुनसुकै बेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउने जस्ता कुरामा ध्यान दिनुपर्छ," उनले भने ।




# खेलकूदको संसार

## प्रिन्स दाहाल पेरिस ओलम्पिकमा पराजित

काठमाडौं, १६ साउन/रासस

नेपाली ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल पेरिस ओलम्पिकमा पराजित भएका छन् । समूह चरणको अन्तिम खेलमा



आज इजरायलका मिसा गिल्बरम्यानसँग प्रिन्स २–० को सोझो सेटमा पराजित भए । १६ मिनेट चलेको खेलको पहिलो सेटमा प्रिन्स १२–२१ ले पराजित भए ।

यसैगरी, २० मिनेटको दोस्रो सेट प्रिन्सले १०–२१ ले गुमाए । समूह 'पी'मा रहेका प्रिन्सले यस अघि डेनमार्कका भिक्टर एक्सेल्सन र आयरल्यान्डका नाट गुयेनकासँग पनि समान २–० सेटको हार बेहोरेका थिए ।

यससँगै पेरिस ओलम्पिक २०२४ मा सहभागी सातजना खेलाडीमध्ये छजना प्रतियोगिताबाट बाहिरिएका छन् । यस अघि टेबल टेनिसका स्यान्टु श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल, जुडोकी मनीता श्रेष्ठ प्रधान, पौडीका डुवाना लामा र एलेक्सजेन्डर शाह बाहिरिइसकेका छन् । अब सन्तोषी श्रेष्ठले म्याराथनमा प्रतिस्पर्धा गर्न बाँकी छ ।

# भारतीय गाडीलाई कडाइ नगर्दा नेपाली व्यवसायी मर्कामा

प्रस, परवानीपुर, १६ साउन/

भारतीय गाडीलाई कडाइ नगर्दा नेपाली व्यवसायी मर्कामा परिरहेका छन् । वीरगंज–रक्सौल नाका भएर चल्ने भारतीय हलुका र ठूला गाडीलाई प्रहरी प्रशासनले कडाइ नगर्दा आफूहरू मर्कामा परिरहेको नेपाली व्यवसायीहरूको दुःखेसो छ ।

वीरगंजका यातायात व्यवसायीहरूको एउटा समूहले गत साउन ७ गते जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत नेपाल सरकारको गृह मन्त्रालय, अर्थ मन्त्रालय, यातायात मन्त्रालय, नेपाल प्रहरी, ट्राफिक प्रहरी कार्यालयलगायतलाई बोधार्थ बुझाएको थियो । ज्ञापनपत्रमा भारतीय गाडीको अवैध प्रवेश र खुला आवागमनले आफूहरूको व्यवसाय नै



वीरगंज भन्सार क्षेत्रमा पार्किङ गरिएका भारतीय नम्बरका सवारीसाधनहरू ।

खोसिएको उल्लेख छ ।

अखिल नेपाल यातायात मजदुर सङ्घ जिल्ला समिति पर्साका अध्यक्ष नैमुद्दीन अन्सारीका अनुसार भारतीय गाडीको हालीमुहालीले नेपाली गाडीको नचल्दा आफूहरू मर्कामा परेको साथै बैंकको किस्ता बुझाउनसमेत धौधौ भएको बताए । कतिपय त यो व्यवसायबाट पलायन भई वैदेशिक रोजगारमा गएकाले यसबाट पर्न सक्ने असरलाई मध्यनजर गर्दै भारतीय गाडीको प्रवेशलाई कडाइ गर्न सङ्घले माग गरेको छ ।

सङ्घले ज्ञापनपत्रसहित ८३ वटा शङ्कास्पद भारतीय सवारीसाधनको सूचीसमेत बनाएर प्रशासनलाई ज्ञापनपत्रसहित बुझाएको छ । भारतीय गाडीले नेपाल सरकारको नियम पालना नगरेको अवस्थामा आवश्यक कारबाई गर्नसमेत यातायात व्यवसायीहरूले माग गरेका छन् । भारतीय गाडीको रजाइमा वीरगंज भन्सारको चरम लापरवाही देखिएको । एउटा भारतीय कारले वर्षमा २९ पटकभन्दा बढी भन्सार गराउन नपाइनेमा दैनिकरूपमा भन्सार गराएर भारतीय गाडीले रजाइ गरिरहेको उनीहरूको आरोप छ ।

व्यवसायीहरूले वीरगंजका केही सुरक्षा अधिकारीहरूलेसमेत अवैध भारतीय गाडीको उपयोग गर्ने गरेकाले त्यस्तो आचरण सुधारको लागि अपील गरेको छन् । भारतीय गाडीको निर्बाध आवागमनमा कडाइ नगरिए आन्दोलनका गर्ने तयारीमा आफूहरू रहेको व्यवसायीहरूले बताएका छन् ।

# काठसहित दुईवटा मोटरसाइकल बरामद

तस्वीरः प्रतीक



बलिराम शुक्ला, बिरवागुठी, १६ साउन/

पर्सागढी नगरपालिका–९ बडेर्वा गाउँबाट वनगस्ती टोलीले तीन थान सालको काठसहित दुईवटा मोटरसाइकल गएराति बरामद गरेको छ ।

काठ तस्करहरूले विन्ध्यवासिनी कोइलाभार साझेदारी वन क्षेत्रको गुलरियाबाट सालको रूख कटान गरी ना.२प ५७८ र ना.७प ९८८४ नम्बरका दुईवटा मोटरसाइकलमा तीन थान काँचो सालको काठ (करीब १२ क्युफिट) लोड गरी डोकैला बहुअरीतर्फ लादै गरेको अवस्थामा सबडिभिजन वन कार्यालय, बडनिहारका जमदार जीतबहादुर तामाङको कमाण्डमा खटेको वनगस्ती टोलीले बरामद गरेको हो ।

सो क्रममा काठ तस्कर र वनकर्मीबीच झडप हुँदा तस्करहरू काठ र मोटरसाइकल छाडी भागेका थिए । फरार तस्करहरूको पहिचान भइसकेको र उनीहरूको खोजी भइरहेको जमदार तामाङले बताए ।

काठ र मोटरसाइकल आवश्यक कारबाईको लागि सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको छ ।

# करेन्ट लागेर युवकको मृत्यु

प्रस, सिम्रौनगढ, १६ साउन/

बाराको सिम्रौनगढ नगरपालिका–६ अमरपुरमा करेन्ट लागेर एकजना युवकको मृत्यु भएको छ ।

सिम्रौनगढ नगरपालिका–६ का वडाध्यक्ष नन्दकिशोरप्रसाद जयसवालका कान्छा छोरा १९ वर्षीय दीपककुमार जयसवालको करेन्ट लागेर मृत्यु भएको हो ।

मङ्गलवार राति सात बजे सिंचाइ गर्न विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लाग्दा उनी घाइते भएका थिए । उनको स्थानीय क्लिनिकमा उपचार गर्ने क्रममा मृत्यु भएको थियो । प्रहरीले शव नियन्त्रणमा लिई शल्यपरीक्षणको लागि कलैया लगेको छ ।

**गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी तथा फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुला स्थानमा असुरक्षित तरीकाले राखिएको खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |